मिति: २०७५।२।१६

## प्रेस विज्ञप्ती

## आर्थिक बर्ष २०७५।७६ को लागी २०७५ जेठ १५ गते संघिय संसदमा पेश भएको बजेटका सम्बन्धमा नेपाल घरेलु तथा साना उद्योग महासंघको धारणा

माननीय अर्थमन्त्री श्री युवराज खतिवडाज्यूले आर्थिक बर्ष २०७५।७६ का लागी प्रस्तुत गर्नु भएको बजेट मुलतः सरकारद्धारा जारी नीति तथा कार्यक्रममा आधारित रही पहिलो बर्षका लागी प्रक्षेपण गरिएको औसत बजेटको रुपमा आएको छ । चुनावताका वर्तमान सत्ताशीन राजनीतिक दलहरुको संयुक्त घोषणा पत्र मार्फत सार्वजनिक गरिएको मुलुकलाई तिब्र आर्थिक विकासमा लैजाने कार्यक्रमहरुलाई जनआकाक्षा अनुरुप बजेटले सम्बोधन गर्न नसके पनि यस बजेट पूर्णरुपमा कार्यान्वयनमा आउन सके मुलुकको बित्तिय अनुसाशन कायम गर्न सफलहुने र दिगो आर्थिक बिकासका लागी आधारभूमि खडा गर्ने देखिन्छ ।

यस बजेटले उद्यमशिलता, रोजगार र उद्योगको क्षेत्रमा केहि सकारात्मक कार्यक्रमहरु अगाडी सारेको छ भने खासगरि उत्पादनमुलक झण्डै २ लाख ९० हजारको हाराहारीमा रहेका घरेलु तथा साना उद्योगलाई पुनरउत्थान तथा स्तरोन्नती गरी मुलुकको आर्थिक बिकासमा महत्वपूर्ण योगदान पुर्याउन सक्ने सम्भावनालाई सम्बोधन गर्न सकेको छैन । यसबाट बजेट मार्फत लिइएको ८ प्रतिशत आर्थिक बृद्धि र थप ५ लाख रोजगारी श्रृजना गर्ने लक्ष्य प्राप्त गर्न सम्भव देखिदैन ।

तषर्थ, नेपाल घरेलु तथा साना उद्योग महासंघ यसै बजेट प्रतिक्रिया मार्फत नेपाल सरकारलाई उपयुक्त माद्रिक नीति मार्फत उत्पादनमुलक उद्योगलाई सम्बोधन गर्न आग्रह गर्दछौ ।

**बजेटले सम्बोधन गरेका बिषयहरु**

- नीजि क्षेत्रको सहकार्यमा प्रत्येक प्रदेशमा एक औद्योगिक क्षेत्र, एक आर्थिक क्षेत्र, एक बिशेष आर्थिक क्षेत्र स्थापना गर्ने व्यवस्था ।
- नीजि क्षेत्रको सहभागितामा सबै स्थानीय तहमा ३ बर्ष भित्र उद्योग ग्राम स्थापना गर्ने व्यवस्था ।
- यस आर्थिक बर्षमा प्रति प्रदेश कम्तीमा २० स्थानीय तहमा उद्योग ग्राम स्थापना गर्न बजेट बिनियोजनको व्यवस्था ।
- बन्द र रुग्ण उद्योग सहकारी र नीजि क्षेत्रको साझेदारीमा सम्भाव्यताका आधारमा सञ्चालन गर्ने व्यवस्था ।
- महिला उद्यम व्यवसाय वा स्वरोजगार कार्यका लागी पूजि, सिप र उद्यमशिलता तालिमको सुनिश्चतता गर्ने व्यवस्था
- महिला उद्यमीहरुलाई परियोजनामा आधारित रु १५ लाखसम्मको सामूहिक ऋण ६ प्रतिशत ब्याज अनुदानको व्यवस्था ।
- बिदेश स्थित सबै कुटनैतिक नियोगमा स्थायी प्रदर्शनी कक्ष स्थापनाका लागी बजेट व्यवस्था ।
- काठमाडौमा हस्तकला बिक्री तथा प्रदर्शनी केन्द्र स्थापनाको व्यवस्था ।
- सबै प्रदेशमा प्रदर्शनी केन्द्र स्थापनाको व्यवस्था ।
- औद्योगिक उत्पादनको निर्यातमा ५ प्रतिशतसम्म अनुदान दिइने व्यवस्था ।
- पूँजि निर्माणका लागी सञ्चीत मुनाफा आफ्नै उद्योगमा लगानी गरेमा लाभाशं कर छुट हुने व्यवस्थालाई उत्पादनमुलक र पर्यटन उद्योगमा समेत सुविधा विस्तारको व्यवस्था ।
- चिया कपडा र डेरी उद्योगमा आय कर पचास प्रतिशत छुटको व्यवस्था ।
- लघु उद्यम व्यवसायलाई ५ बर्ष आय कर छुट दिइने र महिला लघु उद्यमीलाई थप २ बर्ष यस्तो छुटको व्यवस्था ।
- कम्तीमा १ दर्जन वस्तुमा आत्मनिर्भर हुन यस्ता उत्पादनलाई आधारभुत संरक्षण गर्ने व्यवस्था ।

- जुट, रेशम, गलैचा, तयारी पोशाक, पश्मिना र कपासमा आधारित उद्योग, जुत्ता र हस्तकला लगायतका निर्यातजन्य उद्योगको प्रवर्धन गर्ने व्यवस्था ।
- सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा जडिबुटी लगायत बन पैदावरमा आधारित उद्योग स्थापना गर्ने व्यवस्था ।
- बनजन्य कच्चापदार्थमा आधारित निर्यातमुलक उद्योगहरुको स्थापना गर्न र उपकरण खरिदमा अनुदानको व्यवस्था ।
- कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुलाई आवश्यक कच्चा पदार्थ उत्पादनका लागी त्यस्ता उद्योगले प्रवर्धन गरेको व्यक्तीगत करार र सहकारी खेतीमा उत्पादन लागतको निश्चीत अनुदान उपलब्ध गराइने व्यवस्था ।

- सहकारी मार्फत सञ्चालन हुने दुध, मासु, फलफुल, तथा तरकारीजन्य प्रशोधन उद्योगलाई आवश्यक उपकरण खरिदमा २५ प्रतिशत अनुदानको व्यवस्था ।
- सहकारी मार्फत रेशम, कपास र उन खेतीका लागी उत्पादन अनुदान र प्रशोधन कारखाना स्थापनाका लागी २५ प्रतिशत पूँजिगत अनुदानको व्यवस्था ।
- सहकारी र नीजि क्षेत्रसंगको सहकार्यमा मल, विउ, किटनाशक बिषाधी तथा कृषि औजार कारखाना स्थापना गर्ने व्यवस्था ।
- कृषि उपजहरुको समर्थन मुल्य बालि लगाउनुभन्दा अगाडी नै तोकिने र सो मूल्यमा खरिद गर्ने ब्यवस्था ।
- प्रदेशमा नीजि र सहकारीको साझेदारीमा एक जडिबुटी प्रशोधन केन्द्र स्थापना ।
- राष्ट्रपती महिला उत्थान कार्यक्रम विस्तार गरि विपन्न र पिछडिएका सबै महिलाहरुलाई सीप र उद्यमशिलता मार्फत काम र रोजगारीका अवसरमा पहुँच पुर्याउन कार्यक्रम विस्तारको व्यवस्था ।
- दलित समुदायलाई सहकारी तथा सामुहिक उत्पादन प्रणाली मार्फत आधुनिक व्यवसाय गर्न सामुहिक जमानीमा प्रति समुह रु १० लाखसम्म ऋण र ५ प्रतिशत व्याज अनुदानको व्यवस्था ।
- परम्परागत पेशा र व्यवसायलाई आधुनिकिरण तथा प्रवर्धन गर्न बजेटको व्यवस्था ।
- सबै स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापना गर्ने व्यवस्था ।
- प्राविधिक क्याम्पसमा स्नातक अध्ययन गरिरहेका विद्यार्थीलाई अनिवार्य इन्टर्नका लागी बजेट व्यवस्था ।
- शैक्षिक प्रमाण पत्र धितो राखी युवालाई ५ प्रतिशतमा ७ लाखसम्म ऋणको व्यवस्था ।
- नविन ज्ञान सीप भएका उद्यमीका लागी शुरुवाती पूजि उपलब्ध गराउन च्यालेन्ज फण्डको व्यवस्था ।
- बिदेशबाट फर्केका युवाहरुको सिप प्रमाणिकरण गर्ने र व्यवसाय सञ्चालनका लागी परियोजनामा आधारित रु १० लाखसम्म ऋण उपलब्ध गराउने व्यवस्था ।
- बैदेशिक रोजगार सेवा प्रदायक कम्पनीहरुलाई आन्तरिक रोजगारी व्यवस्थापनमा समेत परिचालन गर्ने व्यवस्था ।
- न्युनतम सिप सिकेरमात्र बैदेशिक रोजगारीमा जान पाउने व्यवस्था ।
- व्यवसाय दर्ता देखी खारेजीसम्मका प्रकृयालाई पूर्व अनुमानयोग्य, पारदर्शी र सुचना प्रविधिमा आधारित बनाइने व्यवस्था ।

**बजेट र मौद्रिक नीतिले सम्बोधन गर्नुपर्ने थप बिषयहरु**

- ८ प्रतिशतको आर्थिक बृद्धि र ५ लाख थप रोजगारी श्रृजना गर्न उत्पादनमुलक क्षेत्रमा प्रभावकारी कार्यक्रम सहित स्पष्ट दिशा निर्देश गर्नु पर्ने ।
- हाल सञ्चालनमा रहेका २ लाख ९० हजार हाराहारीका घरेलु तथा साना उद्योगहरुलाई स्तरोन्नतीका लागी लगानी पहुँच अभिबृद्धि गर्न प्राथमिकता प्राप्त कर्जा अन्तरगत कुल कर्जा प्रवाहको न्युनतम २५ प्रतिशत पुर्याइ सरलिकृत कर्जा प्रवाहको कार्यविधि तयार गरी पूँजी पहुँच अभिबृद्धि गर्नु पर्ने ।

- बिपन्न वर्ग कर्जा कार्यक्रमलाई लघु उद्यमसंग आवद्ध गराई लघु उद्यममा पूजि पहुच अभिबृद्धि गर्नु पर्ने ।
- लघु घरेलु तथा साना उद्योगमा वित्तिय पहुँच बढाउन उद्योगका, मिल मेशिनरी घर टहराहरुको रजिष्ट्री गरि प्रमाण पत्र दिने व्यवस्था र सो प्रमाण पत्रलाई धितो मानी ऋण दिने व्यवस्था गर्ने ।
- लघु उद्यमीलाई ५ बर्ष र महिला लघु उद्यमीलाई ७ बर्ष आय करमा दिइने छुटको भन्दा त्यस्ता उद्यमले खरिद गर्ने कच्चा पदार्थमा लाग्ने मुल्य अभिबृद्धि कर बढि हुने हुँदा यस्लाई स्पष्ट सम्बोधन गर्न सकेको देखिएन ।
- उच्च शिक्षा हासिल गरेका बेरोजगार युवाहरु एवम बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई दिइने भनिएको ७ लाख र १० लाख सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई घरेलु तथा साना उद्योग संग जोडि छाता संस्थाहरु मार्फत उद्यमी बन्न अभिप्रेरित गराउने व्यवस्था मिलाउन उपयुक्त हुने ।
- विश्वविद्यालय अन्तरगत खोज र अनुसन्धानमुलक संस्था मार्फत लघु घरेलु तथा साना उद्योग उपयुक्त प्रविधि विकासका लागी बजेटको व्यवस्था हुनु पर्ने ।
- घरेलु र साना उद्योगहरु पुरातन प्रविधिका कारणले न्युन उत्पादकत्वमा सञ्चालित हुने भएकोले यस्ता उद्योगले प्रविधि प्रतिष्थापन गर्न प्रविधिमा अनुदानको लागी बजेट बिनियोजन गर्नु पर्ने ।
- उद्योग ग्राम स्थापनाका लागी पहल गर्ने स्थानीय तहलाई अनुदान उपलब्ध गराउन सरल कार्यबिधि बनाई प्रदेश सरकार मार्फत अनुदान र प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने ।
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगलाई राष्ट्रिय अभियानकारुपमा सञ्चालन गर्न स्पस्ट दिशा निर्देश सहित बजेट व्यवस्था हुनु पर्ने ।
- हाल सञ्चालनमा रहेका उद्योगहरुको स्तरोन्नतीका लागी र नया आउने उद्यमीलाई परामर्श सेवा प्रदान गर्न प्रदेशको उद्योग मन्त्रालय अन्तरग सञ्चालन हुने गरि बिजनेश एक्सेलेन्सी सेन्टरको स्थापनाका लागी बजेट बिनियोजन हुनु पर्ने ।

बर्तमान सरकारको आर्थिक विकास र सम्बृद्धि प्राप्त गर्ने माध्यम भनेकै मुलुकमा औद्योगिकिरण हो । औद्योगिकरणका लागी पर्याप्त कसरत गरिएको भएता पनि माथि उल्लेख गरिएका बिषयहरुलाई स्पष्ट सम्बोधन नभएको ठहर महासंघको रहेको छ । समग्रमा बजेट सकारात्मक रहेको र बिगतका अनुभवबाट यस्को कार्यान्वयन चुनौतीपूर्ण रहेको छ । तसर्थ स्पष्ट बहुमत सहितको स्थिर सरकारले यसलाई दृढता पूर्वक कार्यान्वयन गर्ने कुरामा महासंघ विश्वस्त रहेको छ ।

श्याम प्रसाद गिरी
अध्यक्ष